आज मिति २०८२ साल चैत ०४ गते बुधबारको दिन दिउसो १ बजे यस बरहथवा नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री कल्पना कुमारी कटुवाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु भयो।

<u>तपसिल:-</u>

| | |
|---|---|
| १) श्री कल्पना कुमारी कटुवाल | नगर प्रमुख |
| २) श्री रामबाबु प्रसाद साह | नगर उप-प्रमुख |
| ३) श्री राकेश सहनी | वडा अध्यक्ष वडा नं. १ |
| ४) श्री चेत बहादुर राउत | वडा अध्यक्ष वडा नं. २ |
| ५) श्री नन्दकिशोर महतो | वडा अध्यक्ष वडा नं. ३ |
| ६) श्री कृष्ण कुमार साह | वडा अध्यक्ष वडा नं. ४ |
| ७) श्री शिव कुमार सिंह कोइरी | वडा अध्यक्ष वडा नं. ५ |
| ८) श्री मो.आफताव आलम | वडा अध्यक्ष वडा नं. ६ |
| ९) श्री राम प्रकाश दास | वडा अध्यक्ष वडा नं. ७ |
| १०) श्री राजकिशोर महतो | वडा अध्यक्ष वडा नं. ८ |
| ११) श्री ~~तुलसी प्रसाद तुइटेल~~ चन्द्र कुमार राउत | का. वडा अध्यक्ष वडा नं. ९ |
| १२) श्री सर्मिला कुमारी राम | वडा अध्यक्ष वडा नं. १० |
| १३) श्री नवराज राई | वडा अध्यक्ष वडा नं. ११ |
| १४) श्री रामजी यादव | वडा अध्यक्ष वडा नं. १२ |
| १५) श्री राजगिर दर्जि | वडा अध्यक्ष वडा नं. १३ |

CamScanner

| | |
|---|---|
| १६) श्री दिपेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं. १४ |
| १७) श्री रामबहादुर चौधरी | वडा अध्यक्ष वडा नं. १५ |
| १८) श्री लक्ष्मी नारायण महतो | वडा अध्यक्ष वडा नं. १६ |
| १९) श्री रामविश्वास राय | वडा अध्यक्ष वडा नं. १७ |
| २०) श्री अरविन्द राय | वडा अध्यक्ष वडा नं. १८ |
| २१) श्री अनिता कुमारी | कार्यपालिका सदस्य |
| २२) श्री रामकुमारी खत्वे | कार्यपालिका सदस्य |
| २३) श्री लक्ष्मिनिया देवी | कार्यपालिका सदस्य |
| २४) श्री लिला कुमारी कुश्वार | कार्यपालिका सदस्य |
| २५) श्री सरिता कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| २६) श्री राकेश कुमार बैठा | कार्यपालिका सदस्य |
| २७) श्री विन्देश्वर धनकार | कार्यपालिका सदस्य |
| २८) श्री संजय कुमार साह | कार्यपालिका सदस्य |
| २९) श्री ऋद्धि प्रकाश सिटौला | सचिव |

CS CamScanner

**प्रस्ताव नं. १: मधेश प्रदेश सरकार संग चालु आ.व.का लागि माँग गर्ने योजना तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा मधेश प्रदेश सरकार संग चालु आ.व.का लागि देहाय बमेजिम विशेष अनुदान, समपुरक अनुदान तथा सशर्त अनुदानका योजना र कार्यक्रम माँग गर्ने निर्णय पारित गरियो ।

तपसिल

| क्र.सं. | योजना/कार्यक्रमको नाम | स्रोत | प्रदेश सरकारको लगानी | स्थानीय तहको लगानी | कुल रकम |
|---|---|---|---|---|---|
| १. | बरहथवा बजारका साना व्यवयायी हरुका लागि टहरा तथा बाटो व्यवस्थापन कार्य, बरहथवा ५ | विशेष अनुदान | ३०,००,०००/- | ०/- | ३०,००,०००/- |
| २. | बरहथवा न.पा. ५, ६ र ७ का सडक ढलान तथा नाला निर्माण कार्य | समपुरक अनुदान | ५०,००,०००/- | ५०,४८,०४३/- | १००४८०४३/- |
| ३. | तरकारी बजारमा नाला सहित ब्लक लगाउने कार्य तथा मासु बजारको टहरा व्यवस्थापन कार्य | सशर्त अनुदान | ४०,००,०००/- | ०/- | ४०,००,०००/- |

**प्रस्ताव नं. २: मधेश प्रदेश सरकार संग आगामी आ.व. २०८३/०८४ का लागि माँग गर्ने योजना तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. २: प्रस्ताव नं. ३ माथि छलफल गर्दा मधेश प्रदेश सरकार संग आगामी आ.व. २०८३/०८४ का लागि देहाय बमेजिम विशेष अनुदान, समपुरक अनुदान तथा सशर्त अनुदानका योजना र कार्यक्रमहरु आगामी नगर सभाबाट अनुमोदन हुने गरी माँग गर्ने निर्णय पारित गरियो ।

तपसिल

| क्र.सं. | योजना/कार्यक्रमको नाम | स्रोत | प्रदेश सरकारको लगानी | स्थानीय तहको लगानी | कुल रकम |
|---|---|---|---|---|---|
| १. | जनहित मलभोगिया मुनिलाल मा.वि. बरहथवा -५ मा गुणस्तरीय शिक्षा अभिवृद्धि कार्यक्रम तथा अधुरो भवन निर्माण कार्य | विशेष अनुदान | ३०,००,०००/- | ०/- | ३०,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | बरहथवा नगरपालिका अन्तर्गतका साना सडकहरुमा नाला सहित सडक ढलान कार्य | समपुरक अनुदान | ५०,००,०००/- | ५०,००,०००/- | १,००,००,००० |
| ३. | सडक सौर्य बत्ति जडान कार्य, बरहथवा न.पा. | सशर्त अनुदान | ४०,००,०००/- | ०/- | ४०,००,००० |

**प्रस्ताव नं. ३: तराई-मधेश समृद्धि कार्यक्रमका लागि माग प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३: यस प्रस्ताव माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको तराई_मधेश समृद्धि कार्यकम, केन्द्रिय समन्वय इकाइ, सिंहदरवार काठमाडौंको मिति २०८२।११।२५ गतेको प्राप्त सूचना बमोजिम यस बरहथवा नगरपालिकाबाट तराइ-मधेश समृद्धि कार्यकम अन्तर्गत आ.व. २०८३।०८४ का लागि देहाय बमोजिमका आयोजना तथा कार्यकमहरु लागत साझेदारीमा माँग गर्ने निर्णय पारित गरियो । साथै लागत साझेदारी बापतको रकम आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय समेत पारित गरियो ।

तपसिल

| क.सं. | प्रस्तावित आयोजना कार्यक्रमको विवरण, | कार्यक्रम संचालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम ३० % | कुल लागत |
| १ | बरहथवा न पा ५ , वालम चोक देखि बागमती न.पा. जोड्ने संगम चोक सम्म नाला सहितको सडक कालोपत्रे कार्य | वडा नं ५, | साना सडक स्तरोन्नती | १ | २७००४८५०.६ | ११५७३५०७.४ | ३८५७८३५८ |
| २ | बरहथवा नगर भित्र सोलार लाइट खरिद तथा जडान | बरहथवा न.पा. १ देखि १८ | | १ | २०९५२०८०.८ | ८९७९४६३.२ | २९९३१५४४ |
| ३ | बरहथवा न.पा. वडा नं. ३ को पथलहिया बजार देखि वडा नं. १४ सैतपुरको पुल सम्म सडक स्तरोन्नती कार्य | वडा नं. ३ र १८ | साना सडक स्तरोन्नती | १ | ७४१४२०९८.१ | ३१७७५१८४.९ | १०५९१७२८३ |
| | जम्मा | | | | १२२०९९०३० | ५२३२८१५५.५ | १७४४२७१८५ |

CamScanner

प्रस्ताव नं. ४ :- मुद्दा मामिलाका लागि प्रतिनिधि तोक्ने सम्बन्धमा।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बरहथवा नगरपालिकाले न्यायिक तथा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्न र नगरपालिका उपर परेको मुद्दाको प्रतिवाद गर्नका लागि यस नगरपालिकामा कार्यरत कानूनी सल्लाहकार श्री महेश प्रसाद बराललाई नगरपालिकाको तर्फबाट प्रतिनिधि तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ :- बागमती खोलाको ढुङ्गा गिट्टि र बालुवा अनुगमन समिति गठन गर्ने सम्बन्धमा।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बरहथवा नगरपालिकाले बागमती खोला अन्तर्गत हजरिया बागमती बजार घाटको ठेक्का बन्दोबस्त भई ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् भई रहेको र बागमती खोलाको दुई वटा घाटको ठेक्का हाल सम्म बन्दोबस्त नभएकोले सो बागमती खोलाको ढुङ्गा गिट्टी बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापनको लागि यस नगरपालिकाको तपसिल बमोजिमको संयोजक तथा सदस्य भएको ढुङ्गा गिट्टी बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ दफा ९ को उपदफा ७ बमोजिम अनुगमन समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त समिति कार्यक्षेत्र ढुङ्गा गिट्टी बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र बरहथवा नगरपालिकाको वडा नं. १ र ४ को बागमती नदीको विभिन्न घाटबाट ढुङ्गा , गिट्टी तथा बालुवाको दिगोरुपमा वातावरणमैत्री तरिकाले निकाल्नको लागि वातावारणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment ) को प्रतिवेदन तथा अन्य प्रचलित कानूनको अधिनमा रहि अनुगमन सम्बन्धी कार्यहरु गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने निर्णय समेत गरियो ।

तपसिलः

| क.स. | नाम | पद | | कै. |
|---|---|---|---|---|
| १ | रामबाबु प्रसाद साह | नगर उपप्रमुख | संयोजक | |
| २ | नन्द किशोर महतो | वडा नं. ३ को अध्यक्ष | सदस्य | |
| ३ | दिपेन्द्र प्रसाद यादव | वडा नं. १४ को अध्यक्ष | सदस्य | |
| ४ | रामबहादुर चौधरी | वडा नं. १५ को अध्यक्ष | सदस्य | |
| ५ | सोभितलाल यादव | अ. सबइन्जिनियर | सदस्य | |
| ६ | रोशन कुमार महतो | अमिन | सदस्य | |
| ७ | राकेश कुशवाहा | प्राविधिक शाखा प्रमुख | सदस्य सचिव | |

अनुगमन समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञलाई समितिमा आमन्त्रित गर्न सकिनेछ ।

**प्रस्ताव नं. ६ :- गुदरी बजारमा रहेको सटर नं. १ देखि १० सम्मको सम्बन्धमा।**

**निर्णय नं. ६ :-** प्रस्ताव नं ६ माथि छलफल गर्दा यस बरहथवा नगरपालिका वडा नं. ०६ मा गुदरी बजारमा रहेको सटर नं. १ देखि १० मध्ये सटर नं. १ र ३ मा सटर भाडा वापत बाँकी रहेको सटर भाडा रकम पटक पटक ताकेता गर्दा पनि हाल सम्म दाखिला नगरि रहेकोले सटरमा ताल्चा लगाई बन्द गरी बाँकी बक्यौता राजश्व असुल उपर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :- गुदरी बजारमा रहेको सटर सटर नं. १ देखि ८ सम्मको सम्बन्धमा।**

**निर्णय नं. ७ :-** प्रस्ताव नं ७ माथि छलफल गर्दा यस बरहथवा नगरपालिका वडा नं. ६ मा गुदरी बजारमा रहेको सटर नं. १ देखि ८ सम्मको ८ कोठे सटरहरु मध्ये १, २, ३, ५, ६, ७ र ८ लाई ७ (सात) दिने छलफलको लागि पत्राचार गरी सटर उपभोग गर्ने सटरवाला सँग छलफल गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :- गौशाला बजारमा रहेको सटर नं. १ र २ को सम्बन्धमा।**

**निर्णय नं. ८ :-** प्रस्ताव नं ८ माथि छलफल गर्दा यस बरहथवा नगरपालिका वडा न. २ मा रहेको सटर नं. १ र २ को नविकरण म्याद मिति २०८२।०९।१७ गते समाप्त भएकोमा उक्त सटरहरु निरन्तर भाडा रकम दाखिला गरि रहेको सो भाडा दर वा रकममा थप २ वर्षको लागि सटर भाडाको सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :- बरहथवा नगर अस्पतालमा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरु लाई प्रोत्साहन रकम दिने सम्बन्धमा।**

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस बरहथवा नगरपालिका अन्तर्गत बरहथवा नगर अस्पतालमा कार्यरत कर्मचारी मेडीकल अधिकृत तथा स्वास्थयकर्मीहरुले नगर अस्पतालमा चौबिसै घण्टा काम गर्नु पर्ने र कुनै पनि निजि स्वास्थ्य संस्थामा कार्य नगर्ने सर्तमा नगर अस्पतालमा कार्यरत तपिसल बमोजिमको स्वास्थ्यकर्मी तथा कर्मचारीहरु लाइ प्रोत्साहन रकम दिने सर्वसम्त निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | पद | प्रोत्साहन भत्ता | कै |
|---|---|---|---|
| १ | Gynecologist (9th Level) | कार्यतर तहको सुरु तलबको २००% | |
| २ | MDGP (9th Level) | कार्यतर तहको सुरु तलबको १५०% | |
| ३ | Medical Officer (8th Level) | कार्यतर तहको सुरु तलबको १००% | |
| ४ | Anesthesia (5th Level) | कार्यतर तहको सुरु तलबको १००% | |
| ५ | Radiographer (5th Level) | कार्यतर तहको सुरु तलबको २५% | |
| ६ | अस्पताल प्रमुख | कार्यतर तहको सुरु तलबको २५% | |
| ७ | बिमामा काम गर्ने कर्मचारीलाई | कार्यतर तहको सुरु तलबको २५% | |
| ८ | लेखापाललाई | कार्यतर तहको सुरु तलबको २५% | |
| ९ | जिन्सी प्रमुख | कार्यतर तहको सुरु तलबको २५% | |

प्रस्ताव नं. १० :- ठेक्काको म्याद थप सम्बन्धमा।

निर्णय नं. १० :- प्रस्ताव नं १० माथि छलफल गर्दा यस बरहथवा नगरपालिका र डाईनामिक के. बि. सि. साहील जे.भी. बिच भएको ठेक्का नं. ( NCB -11/2076/077) कृषि तथा तरकारी बजार ब्यवस्थापनका लागि सेड निर्माण कार्यक्रमको लागि विभिन्न मितिमा म्याद थप भइ मिति २०८०।१२।३० गते सम्म कायम रहेकोमा जग्गाको विवाद र भुक्तानी समस्याको कारणले समयमा कार्यक्रम सम्पन्न हुन नसकेकाले उक्त कार्यक्रमको म्याद मिति २०८३।०१।३० गते सम्म अन्तिम पटकको लागि म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ :- आ.व. २०८२/०८३ मा शिक्षा ,युवा तथा खेलकुद शाखा अन्तरगत खेलकुद विकास कार्यक्रमको लागी विनियोजित रकम रु. १५००००० (अक्षरेपी पन्ध्र लाख) सम्बन्धमा ।

निर्णय नं. ११ :- प्रस्ताव नं ११ माथि छलफल गर्दा यस बरहथवा नगरपालिकाको आ.व. २०८२/०८३ मा शिक्षा ,युवा तथा खेलकुद शाखा अन्तरगत खेलकुद सञ्चालन तथा व्यवस्थापनको लागी रु. १५००००० (अक्षरेपी पन्ध्र लाख ) विनियोजित रकम रहेको तर शिक्षा तर्फको कार्यक्रममा शिर्षक तोकी कुनै पनिं रकम विनियोजन नभएकोले सो खेलकुद सञ्चालन तथा व्यवस्थापन शिर्षकमा रहेको रकम रु. १५००००० (अक्षरेपी पन्ध्र लाख ) लाई तपसिलको शिर्षक तोकी रकमान्तर गर्नका लागी कार्यपालिकामा सिफारीस गर्ने निर्णय गरीयो ।

तपसिल:

| क्र.सं. | रकमान्तर हुने शिर्षक | रकम (बजेट) |
|---|---|---|
| १ | समृद्ध युवा क्लब , बरहथवा नगरपालिका १४, सर्लाही | रु.३००००० |
| २ | आधारभुत तह उतिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन | रु.३००००० |
| ३ | संस्थागत विद्यालयमा छात्रवृत्ति व्यवस्थापन | रु.२००००० |
| ४ | शैक्षिक क्यालेन्डर निर्माण | रु.१००००० |
| ५ | सामुदायिक विद्यालयको शिक्षकहरुको लागी शैक्षिक भ्रमण कार्यक्रम | रु.६००००० |

CamScanner

**प्रस्ताव नं १२ :- मधेश प्रदेश सरकार संग चालु आ.व का लागि थप योजना तथा कार्यक्रम मांग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १२ :-** प्रस्ताव नं. १२ माथि छलफल गर्दा मधेश प्रदेश सरकार संग चालु आ.व.का लागि देहाय बमोजिम सशर्त अनुदानका योजना र कार्यक्रम र ऊर्जा, सिंचाई तथा खानेपानि मन्त्रालय संग सडक सौर्य बत्ती जडान सम्बन्धि योजना तथा कार्यक्रम माँग गर्ने निर्णय पारित गरियो ।

तपशिल

| क्र.स | योजना / कार्यक्रमको नाम | श्रोत | कुल रकम |
|---|---|---|---|
| १ | बरहथवा नगरपालिका भित्र सडक ढलान, नाला निर्माण तथा सडक स्तरोन्नती कार्य | सशर्त अनुदान (अनुदान मन्त्रालय) | ८२,३१,४८३/- |
| २ | बरहथवा नगरपालिका अन्तर्गत बजार तथा सडक पेटीमा सौर्य बत्ती जडान कार्य | उर्जा, सिँचाई तथा खानेपानि मन्त्रालय | ८२,१५,२८६.६८/- |

**प्रस्ताव नं. १३ :- ऋण तथा अनुदान माँग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १३ :-** प्रस्ताव नं. १३ माथि छलफल गर्दा बरहथवा नगरपालिकाको प्रशासकिय भवन २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा क्षतिपुगी मर्मत गर्नु पर्ने अवस्थामा पुगेको र भवन निर्माण तथा मर्मतको लागि नगरपालिका संग पर्याप्त बजेट नभएको हुनाले नगर विकास कोष संग भवन निर्माण तथा मर्मतको लागि ऋण तथा अनुदान माँग गर्ने सर्वसम्मत निर्णय गरियो ।